## सुरेन्द्रबहादुर...

आना जग्गा ६० करोड रूपैयाँमा किन्न आफ्नो छोरो जीवनबहादुर सिंहको नाममा २०७४ साल पुस ७ गते बैनापट्टा गरेको र बैनाबापत पाँच करोड रूपैयाँ दिएको कागज गरेका थिए । उक्त जग्गा ३० करोड रूपैयाँमा पास गरियो । दरबारमार्गजस्तो ठाउँमा ७५ लाख रूपैयाँमा प्रतिआना जग्गा पाइँदैन । सुरेन्द्रबहादुर सिंह वा उनका छोरा जीवनबहादुर सिंह र श्रीमती शारदादेवी सिंह कसैको पनि ६० करोडको सम्पत्ति किन्ने पारिवारिक हैसियत पनि होइन । ६० करोड रूपैयाँमा किनबेच गर्ने भनी बैना भएको जग्गा ३० करोड रूपैयाँमा जग्गा पास गर्नु भनेको ३० करोड रूपैयाँ कालोधनलाई सेतो धन बनाउनु हो ।

यही विषयमा सम्पत्ति शुद्धीकरण विभागमा परेको उजुरीपछि विशेष अदालतमा परेको मुद्दामा सिंह परिवारले सफाइ पायो र त्यसविरुद्ध न्यायपरिषद् सचिवालयमा परेको उजुरीलाई समेत न्यायपरिषद्ले तामेलीमा राखेको जनाएको छ । यो नेपालको खैरो सूचीको सन्दर्भमा एउटा प्रतिनिधिमूलक घटना मात्र हो । सम्पत्ति शुद्धीकरण हेर्ने १४ निकायमध्ये सकेसम्म कसैले पनि कालोधनको कारोबारविरूद्ध फाइल खडा गर्न, आपसी सहमतिमा कुरो टुङ्ग्याउने र सकेसम्म मुद्दा दायर नगर्न, मुद्दा दायर भइहालेमा अदालतबाट सजिलै सफाइ पाउने, अदालतको फैसला ठीक भएन भनी त्यसविरुद्ध न्याय परिषद्मा उजुरी गर्दा त्यसैलाई तामेलीमा राखिदिने यो शैलीले नेपाल एफएटीएफको ग्रे-लिस्टबाट बाहिरिनेभन्दा पनि ग्रे-लिस्टबाट कालोसूचीतर्फ जाने सम्भावना बढ्दै गएको छ ।

## झण्डै...

अनुसन्धान भइरहेको छ ।

चारै कर्मचारीको मिलेमतोमा उक्त शाखामा दुई करोड ८४ लाख ७६ हजार सात सय अपचलन भएको पाइएको थियो । उक्त रकम अपचलन भएको पाइएपछि महालक्ष्मी विकास बैंकको केन्द्रीय कार्यालयको टोली गत बिहीबार गोकुलेश्वर पुगेको थियो ।

बैंकले गरेको प्रारम्भिक अनुसन्धानबाट बैंकका कर्मचारीले नेपालमा प्रतिबन्धित अनलाइन जुवा प्लेटफर्म वान एक्स बेटमा बैंकको पैसा लगाएको खुलेको थियो । चारै जनाको मिलेमतोमा रकम अपचलन भएको पाइएपछि बैंकले उनीहरूलाई निलम्बन गरेको छ । उनीहरूले बैंकको मूल खातामा भल्ट रकम मौज्दात देखाएर गैरकानुनी तरिकाले हिनामिना गरेको पाइएको छ । यसरी बैंकको रकम अवैध जुवामार्फत अपचलन गरेको पाइएपछि बैंकिङ कसुरमा चारै कर्मचारीलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक दाहालले बताए ।

बैंकले हेमराज जोशीलाई शाखा प्रबन्धकको जिम्मेवारी दिएर शाखा सञ्चालन गरिरहेको छ । उक्त बैंकको कामकाज आजदेखि निरन्तररूमा चलेको शाखा प्रबन्धक जोशीले जानकारी दिए ।

## भूमि...

सरकारी नियतमा सांसदहरूले शंका गरेपछि समितिबाट विधेयक पारित नै हुन नसकेको हो ।

बैठकमा सांसदहरू वीरबहादुर बलायर, भानुभक्त जोशी, अशोककुमार चौधरी, बिजुला रायमाझी, शान्ति विक, प्रतिमा गौतम, सरस्वती सुब्बा, सूर्यप्रसाद ढकाललगायतले संशोधन गरिएको बुँदा स्पष्ट नभएको, घुमाउरो भाषाको प्रयोग गरेर दुई खालको अर्थ लगाउन सकिने भएकाले त्यसलाई प्रष्ट पार्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीको ध्यानाकर्षण गराएका थिए । सोसँगै मन्त्री अधिकारी उक्त व्यवस्था यथावत् राख्न सहमत भएका छन् ।

सांसदहरूले प्रश्न तैर्स्याएपछि भूमि व्यवस्था मन्त्रालयका सचिव केदारनाथ शर्मा, कानुन मन्त्रालयका सहसचिव मानबहादुर अर्याल र समिति सचिव शिवदत्त बरालललगायतले सांसदको भनाइअनुसार नै दफा संशोधनको प्रस्ताव गरिएको, प्रस्तावलाई अन्तिमरूप दिने काम सांसद र संसदीय समितिको नै भएकाले त्यसैअनुसार बनाइनुपर्ने उल्लेख गरेका थिए ।

योसँगै समितिले मंगलबार पुनः यसबारे छलफल गर्ने भएको छ । अस्पष्ट भनिएको बुँदाबारे अध्ययनका लागि सांसदहरूले दुई दिनको समय पाएको समिति सभापति कुसुमदेवी थापाले जानकारी दिइन् ।

हतार गरेर दफामा संशोधन गरिएको भन्दै सांसदहरूले अध्ययनका लागि समय मागेका थिए । संशोधनसम्बन्धी व्यवस्था पारित गर्दा निजामती विधेयकमा कुलिङ अफ पिरियडमा जस्तै हुन सक्ने भएकाले नयाँ व्यवस्थाबारे मिहीन अध्ययन गरेर मात्र अघि बढ्नुपर्ने सहमति भएको थापाको भनाइ छ ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले आरक्षबाट विस्थापित भएकालाई जग्गा दिने गरी कानुन बनाउनुपर्ने बताएका थिए । जग्गा आरक्ष वा राष्ट्रिय निकुञ्जमा परेका तर हालसम्म केही नपाएका पीडितलाई जग्गा व्यवस्थापन गर्ने विधेयकमा व्यवस्था गरिएको उनको भनाइ छ ।

मन्त्री अधिकारीका अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षबाट विस्थापित भएका धेरै परिवारले जग्गा नपाएको गुनासो सम्बोधन गर्न विधेयकमा व्यवस्था गरिएको छ । त्यसैगरी, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट सयौँ व्यक्ति विस्थापित भएका र उनीहरूले हालसम्म जग्गा प्राप्त गर्न नसकेको गुनासो गरेकाले विधेयकमार्फत त्यसलाई सम्बोधन गर्ने गरी व्यवस्था गरिनुपर्ने बताएका थिए ।

आरक्ष र राष्ट्रिय निकुञ्ज पीडितका विषयमा पटक-पटक छलफल भएकाले यो समस्या समाधान हुने गरी विधेयकले व्यवस्था गर्ने प्रतिबद्धता सभापति थापाले जनाइन् ।

## १४ जीवन...

५५ लाख ८७ हजार रूपैयाँ आर्जन गरेको छ । त्यसैगरी, गत आयको असार मसान्तसम्ममा मेटलाइफ इन्स्योरेन्स कम्पनीले छ लाख ९८ हजार दुई सय ३३ सक्रिय जीवन बीमालेखबाट छ अर्ब २५ करोड ८३ लाख ८६ हजार रूपैयाँ कुल बीमाशुल्क आर्जन गरेको छ ।

त्यस्तै, एसियन लाइफ इन्स्योरेन्स कम्पनीमा भने पछिल्लो अवधिमा नौ लाख २४ हजार चार सय आठ वटा सक्रिय जीवन बीमालेख रहेकोमा कुल बीमाशुल्क आर्जन रकम १० अर्ब २४ करोड ८४ लाख ८६ हजार रूपैयाँ रहेको छ । आईएमई लाइफ इन्स्योरेन्स कम्पनीमा पनि पछिल्लो अवधिमा सात लाख ३५ हजार दुई सय ८१ वटा सक्रिय जीवन बीमालेख रहेकोमा कुल बीमाशुल्क आर्जन रकम पाँच अर्ब ६५ करोड २७ लाख ३६ हजार रूपैयाँ रहेको छ ।

सोबाहेक सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा सो अवधिमा १० लाख ३५ हजार तीन सय २० वटा सक्रिय जीवन बीमालेख रहेकोमा कुल बीमाशुल्क आर्जन रकम पाँच अर्ब ४५ लाख ४९ हजार रूपैयाँ पुगेको छ । रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीमा पछिल्लो अवधिमा २४ लाख ९४ हजार आठ सय १९ वटा जीवन बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम पाँच अर्ब २८ करोड ९४ लाख ९९ हजार रूपैयाँ रहेको छ । सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीमा भने पछिल्लो अवधिमा नौ लाख ६९ हजार सात सय ७० वटा बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम सात अर्ब ५१ करोड १३ लाख १९ हजार रूपैयाँ पुगेको छ । यसैगरी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीमा पनि पछिल्लो अवधिसम्ममा सात लाख ९२ हजार दुई सय ५२ वटा बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम ११ अर्ब १८ करोड ७३ लाख ५१ हजार रूपैयाँ पुगेको छ ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीमा पनि गत आवको असार मसान्तसम्मा छ लाख ६४ हजार सात सय १५ वटा बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम सात अर्ब ६९ लाख रूपैयाँ पुगेको छ । हिमालयन लाइफ इन्स्योरेन्स कम्पनीमा भने गत आवको असार मसान्तसम्मा चार लाख २० हजार सात सय ४१ वटा बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम १७ अर्ब ६६ करोड सात लाख ९७ हजार रूपैयाँ रहेको छ ।

प्राधिकरणका अनुसार प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनीमा भने पछिल्लो अवधिमा दुई लाख ७५ हजार पाँच सय १० वटा बीमालेख सक्रिय रहेकोमा कुल बीमाशुल्क आर्जन रकम पाँच अर्ब ३७ करोड एक लाख १९ हजार रूपैयाँ रहेको छ ।

## ट्राफिक प्रहरीद्वारा दुई करोड राजस्व सङ्कलन

कलैया (बारा), २५ साउनः जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ, बाराले आर्थिक वर्ष २०८१/८२ मा सवारीसाधनका चालकलाई दण्ड जरिवाना बापत रू दुई करोड दुई लाख ४२ हजार राजस्व सङ्कलन गरेको छ ।

प्रहरी निरीक्षक दीपक केसीका अनुसार जिल्लाको विभिन्न ठाउँमा रहेका ट्राफिक प्रहरी एकाइले सवारीसाधन जाँच गर्नै क्रममा ट्राफिक नियम विपरीत सवारीसाधन सञ्चालन गरेका चालकबाट जरिवाना बापत सो रकम सङ्कलन गरेको हो ।

आर्थिक वर्ष २०८१/८२ मा साना ठूला गरी कुल एक हजार १२१ सवारीसाधन दुर्घटनामा परेका थिए । ती घटनामा ९३ जनाको मृत्यु भएको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो । मृतकमा ७१ पुरुष, ११ महिला, ७ बालक र ४ बालिका रहेका थिए ।

## राजविराजको बसपार्क प्रयोगविहीन

राजविराज (सप्तरी), २५ साउनः सदरमुकाम राजविराजस्थित बसपार्क सञ्चालनमा आउन सकेको छैन । उद्घाटन भएको दुई महिनाभन्दा बढी भयो तर बसपार्क सञ्चालनमा आउन नसकेपछि सवारीसाधन सडकमै पार्किङ गरिएका छन् । सर्वसाधारणले सास्ती व्यहोर्नुपरेको छ ।

गत जेठ १५ गते बसपार्कको एक समारोहबीच राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले उद्घाटन गरे । तर अहिलेसम्म सवारीसाधनका पार्किङका लागि बनाइएको बसपार्कमा एउटा सवारीसाधन नआएका कारण राजविराजकै मुख्य सडकमै पार्किङ गरिँदा सर्वसाधारणले सास्ती व्यहोर्नुपरेको छ । बसपार्क सञ्चालनमा आए पनि सवारीसाधन मुख्य सडकमै पार्किङ गर्ने समस्या अहिलेसम्म हटेको छैन ।

चार दशकको पर्खाइपछि बनेको यस बसपार्क अहिले पनि सुनसान छ । समस्या यथावत् नै रहेकाले बसपार्क निर्माण गर्नु अर्थहीन भएको राजविराज नगरपालिका-३ का विन्दु चौधरीले बताए । आधुनिक र सुविधायुक्त उक्त बसपार्क सञ्चालनमा ल्याउन सम्बन्धित निकाय र बस तथा साना सवारी व्यवसायीसँग पहल नगरेका कारण अहिलेसम्म सञ्चालनमा नआएको हो ।

बसपार्क प्रयोगमा नआउँदा राजविराजबाट चल्ने रात्रिकालीन बस, यात्रुवाहक बस, मालवाहक सवारीलगायत सवारीसाधन पार्किङ जथाभावी गर्ने गरिएको राजविराज नगरपालिका श्याम रजकले बताए । उनले राजविराजको मुख्य बजारको सडक साँघुरो भएर दुर्घटनाको खतरा बढेको बताए ।

विसं २०७४ पुसमा सम्झौता भएको राजविराज बसपार्कको निर्माण २०७७ पुसमा सक्पुर्नमै भए पनि छ पटकसम्म म्याद थप गरिएको थियो । गत वैशाखमा मात्र बसपार्क निर्माण भएको थियो । राजविराज-२ राजदेवी चोकस्थित १९ हजार छ सय चार सय ४२ वर्ग किलोमिटर क्षेत्रफलमा निर्माण गरिएको उक्त बसपार्कमा सोधपुछ कक्ष तथा मुख्य प्रवेशद्वार, टिकट काउन्टर, पसल, रेस्टुरेन्ट, गिनी मार्केट हललगायत संरचना निर्माण गरिएका छन् ।

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP*) प्रकाशनको सूचना**

यस कम्पनीले पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रामूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| S.N. | Model | COO | Dimension | Capacity | MR Price |
|---|---|---|---|---|---|
| 1 | SONY Camera FX-6T | THAILAND | (6.02 x 4.57 x 4.49) in | Full-Frame CMOS | 9,60,500/- |
| 2 | SONY Camera PXW Z-90T | CHINA | (5.1 x 7.1 x 11.3) in | 1"-Type CMOS | 4,52,000/- |

विक्रेता/फर्मको नामः Soheto Nepal Pvt. Ltd. भ्याट नं. : 302322990
ठेगानाः न्यूरोड, फोन नं.: 01 5354277 एक्जिम कोडः 302322900116NP

**हकदावीको सूचना**

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला सैनामैना नगरपालिका बडा नं. ४ बस्ने श्री दयानीधी अर्यालको श्रीमती, श्री गुनाखर पगेनीको छोरी, श्रीमती झिमकला देवी अर्यालको मिति वि स २०८२/०२/१४ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैकमा रहेको बचत र मुद्दती खाता नं. २४३०१०८०००८२८० र २१३०३१४०२८८२१ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भॉन निजको छोरा श्री टक प्रसाद अर्यालले आवश्यक कागजात सहित यस बैकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३०.(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्ने आउनु हुन बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB शाखा कार्यालय, सैनामैना
फोन नं.:- ०७१- ४४०१७७,४४००८४

गण्डकी प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
स्याङ्जा

**छुट सहितको दरभाउ पेश गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मितिः २०८२/०४/२६**

प्रस्तुत विषयमा यस पूर्वाधार विकास कार्यालय स्याङ्जाबाट आ.व. २०८२/०८३ का लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने बोलपत्र आव्हान लगायत र त्यस्तै प्रकृतिका अन्य सूचना प्रकाशन गर्नका लागि विभिन्न विज्ञापन एजेन्सी मार्फत उल्लेखित विभिन्न पत्रिकाहरुमा आफूले पेश गर्ने छुट सहितको दररेट प्रति कोलम सेमी रुपैयाँमा उल्लेख गरि सिलबन्दी खाम भित्र राखी यो सूचना प्रकाशन भएको मितिले तीस दिन २०८२/०५/२४ गते कार्यालय समय भित्र सोझै यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सूचनासँग सम्बन्धित थप विवरणका लागि कार्यालयको Website:- idosyangja.gandaki.gov.np वा यस कार्यालयको Facebook Page (पूर्वाधार विकास कार्यालय, स्याङ्जा) मा हेर्नुहुन जानकारी गराईन्छ ।

**नोटः**

१. ईमेल मार्फत पठाइएका दररेटलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।
२. हुलाक मार्फत पठाइएको खण्डमा मिति २०८२/०५/२४ गते कार्यालय समय भित्र पेस नभएका दररेटलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

कार्यालय प्रमुख

**बीमालेखा हरायो**

मिति २०७२/१/१२ गते धाद्दिङ्ग देखि काठमाण्डौं जाँदा मेरो मिन्न व्यहोरा भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेखा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो मिन्न ठेगाना वा बजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : संजम घ्रटकुली
बीमालेखा नं : ५१०८००७६२३
ठेगाना : धाद्दिङ्ग
सम्पर्क नं : ४८४१६५६२४६

**बीमालेखा हरायो**

मिति २०८२/३/२२ गते बुवाकोट देखि काठमाण्डौं जाँदा मेरो मिन्न व्यहोरा भएको एशियन लाईफ इन्स्योरेन्स कम्पनीबाट जारी बीमालेखा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो मिन्न ठेगाना वा बजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : फुरुसाङ्ग तामाङ्ग
बीमालेखा नं : ६४२०००००४७६
ठेगाना : बुवाकोट
सम्पर्क नं : ९७४४२४२७८१

आदर्श बहुमुखी क्याम्पस
गजुरी-१, धादिङ

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२६ (11 August, 2025)**

यस क्याम्पसको बोलपत्र सम्बन्धि सूचना IFB No: *AMC-UGC/NCB/W-01/2082/83* PPMO को आधिकारिक website https://www.bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्नुहुन तथा बोलपत्रसँग सम्बन्धित जानकारी माथि उल्लेखित website बाट प्राप्त गर्नुहुन अनुरोध छ ।

क्याम्पस प्रमुख

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**

**श्री पदम नर्सिङ्ग होम स्कूल अफ नर्सिङ्ग, पोखरा–०३ नदीपुर, कास्कीको नाममा सम्बन्धन/स्वीकृत प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमलाई नामसारीको लागि माग गरेको सम्बन्धमा ३५ दिने हकदावी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०४/२६**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट ३ वर्षे प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको सम्बन्धन/स्वीकृति लिई हाल स्थगनमा रहेको संस्था श्री पदम नर्सिङ्ग होम स्कूल अफ नर्सिङ्ग, पोखरा–०३ नदीपुर, कास्कीले उक्त कार्यक्रमलाई कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०७२/०१/२१ को शेयर लगत विवरणमा २३ जना भएकोमा कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०८१/०४/०६ को संलग्न शेयर लगत विवरण अनुसार ४२ जना शेयरधनी सदस्य कायम भएकोले सोही बमोजि नामसारी गरी १०० वेडको श्री पदम नर्सिङ्ग होम पोखरा–०३ नदीपुर, कास्कीको व्यवस्थापन गरेको भनी नामसारीका लागि पेश गरेको निवेदन उपर कारवाही हुदाँ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औँ बैठकको निर्णय नं. ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/०४/२१ गतेको निर्णयानुसार नामसारी प्रति कोही कसैको हकदावी विरोध गुनासो आदि भए यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अन्तिम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स–प्रमाण लिखित जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित समय भित्र कसैको उजुरी नपेश्मा कानूनी म्याद समाप्त भएपछि नामसारी प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्राकशित गरिएको छ

सम्पर्कका लागि
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी भक्तपुर । फोन नं. ०१–६६३०४०८, इमेलः ctevtaccreditation061@gmail.com

**शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
सिद्धिचरण न.पा.११, ओखलढुङ्गा, फोन नं.०३७–५२०३०८

**ऋण चुक्ता/भुक्तान तथा धितो लिलाम बारेको पुनः ७ दिने सूचना**

सूचना प्रकाशित मिति २०८२/०४/२६

यस शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट कर्जा लिनु भएका तपसिलका तपाई ऋणीहरुले कर्जा उपभोग गरे वापत संस्थालाई समय-समयमा बुझाउनु पर्ने साँवा, ब्याज चुक्ता गर्न आउन सस्थाले तपाईहरुलाई पटक-पटक मौखिक एवम् लिखित तथा मिति २०८१/०२/०४ र २०८१/०८/२६ गते ३५ (पैंतिस) दिने र २०८१/१०/०९ गते का दिन आधिक राष्ट्रिय दैनिक पत्रिकामा ७ (सात) दिने सूचना समेत प्रकाशित गरी ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले कर्जा चुक्ता गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागि पुन यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो समय सिमा भित्र संस्थामा आई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पुर्ण कर्जा रकम र सो को ब्याज, हर्जना तथा अन्य देयस्तुर समेत चुक्ता गरि आफ्नो धितोसम्पती फुकुवा गरी लिन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ र नियामावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानुन बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम विक्रीमा राखेको तपसिलमा उल्लेखित अचल सम्पती डाकबढाबढ गरी लिन इच्छुक ऋणी, व्यक्तिगत जमानी दिने तथा अन्य महानुभावहरुले सूचना प्रकाशित भएको ७औं दिन मिति २०८२/०५/०१ गतेका दिन यस संस्थाको कार्यालय सि.न.पा.११ कालिकास्थान ओखलढुङ्गामा उपस्थित भई निम्न शर्तहरुको अधिनमा रही आफूले सकार गरि लिन चाहेको व्यहोरा खुलाई निवेदन गर्नुहुन सबैमा सूचित गरिन्छ । प्राप्त निवेदनका आधारमा संस्थाको कार्यालयमा ८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन अपरान्ह ३१५ बजे डाक बढाबढ कार्यक्रम रहने हुँदा निवेदन दाता, सम्बन्धित कर्जा सदस्य तथा धन जमानी दिने सम्पुर्ण सदस्यहरु समेत उपस्थितिका लागि जानकारी गराईन्छ ।

तपसिलः

| ऋणीको तिन पुस्ते विवरण | ऋणीको फोटो | धितो एवम् जमानत विवरण |
|---|---|---|
| नामः रोशन राई<br>बुबाः चित्रबहादुर राई<br>बाजेः थपनलाल राई<br>ठेगानाःसाविक उँबु गाविस -२ हाल मानेभन्ज्याङ् -३, ओखलढुंगा । |  | १. हर्कमाया राईको नाममा साविक उँबु गा.वि.स.२ हाल मानेभन्ज्याङ् गा.पा.-०३ मा रहेको कि.नं. २४४ को क्षेत्रफल ८-८-३-१, कि.नं. ४७४ को क्षेत्रफल १-६-१-१ र कि.नं. ४८० को क्षेत्रफल ०-४-२-१<br>२. हर्कमाया राई, उँबु गा.वि.स.२ |
| नामः बसन्त कुमार राई<br>बुबाः शिव प्रशाद राई<br>बाजेः आसपुरे राई<br>ठेगानाःसाविक उँबु गाविस -१ हाल मानेभन्ज्याङ् -३, ओखलढुंगा । | | १. वसन्तकुमार राईको नाममा साविक उँबु गा.वि.स.४ हाल मानेभन्ज्याङ् गा.पा.-०३ मा रहेको कि.नं. १८२९, क्षेत्रफल ०-१४-३-३, कि.नं. १२३० को क्षेत्रफल ०-९-१-३, कि.नं. १८३८ को क्षेत्रफल ०-१५-२-१ र कि.नं. १८४६ को क्षेत्रफल १-५-२-३ र सो मा बनेको घर लिगलागपात समेत |
| नामः बुद्धिबहादुर राई<br>बुबाः चामबहादुर राई<br>बाजेः मंगलबहादुर राई<br>ठेगानाः साविक माम्बा गाविस -२ हाल चिरंखुगढी -८, ओखलढुंगा । |  | १. बुद्धिबहादुर राईको नाममा ओखलढुंगा गा.वि.स २ हाल सि.न.पा.११ मा रहेको कि.नं.५१३ को क्षेत्रफल ०-१-३-३ र कि.नं. ६१६ को क्षेत्रफल ०-१-०-३ । |

लिलामका शर्तहरु

१. लिलाम बिकी सम्बन्धी सर्त बन्देजको बोलपत्र फारम यस कार्यालयबाट रु १००० (फिंता नहने गरी) बुझाइ प्राप्त गर्न सकिने छ ।
२. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्न व्यक्तिले आफूले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी बापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ, नबुझाएमा नीज पछि कबुल गर्न दोस्रो व्यक्तिलाई लिलाम सकार गर्न दिइने छ ।
३. लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बांकी रकम बुझाई अचल सम्पति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. तोकिएको लिलामको दिन सहकारी विदा परेमा वा सरकारी विदा परेमा त्यसको लगतै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाक बढाबढ हुनेछ ।
५. डाक बढाबढ गर्दा सबै भन्दा बढी अंक पेश गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पुर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित सर्तनामाहरुको अधिनमा रही कागजातहरु हेर्न चाहुन हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७. यो सूचना प्रकाशित भएको ७औं दिन संस्थाको कार्यालय सि.न.पा.११ कालिकास्थान ओखलढुङ्गामा अपरान्ह ३१५ बजे लिलामको डाक बढाबढ गरिनेछ ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नुपर्नेछ ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेका लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको नेपाल राज्यभरको अन्य चल/अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।

नोट : बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०५/०१ गते आइतबार
लिलाम हुने मिति २०८२/०५/०२ गते सोमबार

Find us on :
facebook/
aarthikdainik